आज मिति २०८३ असार ०४ गते विहीवारका दिन विहान ११:०० वजे नीलकण्ठ नगरपालिकाका नगरप्रमुख एवम् सभा अध्यक्ष श्री भीमप्रसाद ढुंगानाज्यूको अध्यक्षतामा नीलकण्ठ नगरपालिका, नगरसभाको १९ औं अधिवेशन देहायको उपस्थितिमा वसी तपसिल वमोजिम नीति, कार्यक्रम तथा वजेट लगायतका विविध विषयवस्तुमा छलफल तथा निर्णय गरी सम्पन्न भयो ।

उपस्थिति

सि.न	पदाधिकारी नाम थर	पद	ठेगाना	दस्तखत
१	श्री भीमप्रसाद ढुंगाना	नगर प्रमुख/सभा अध्यक्ष	नी.न.पा.८	
२	श्री दिपक विश्वकर्मा	नगर उप-प्रमुख	नी.न.पा.७	
३	श्री हरिदत्त कंडेल	प्र.प्र.अ. (सचिव)		
४	श्री गणेश वहादुर गुरुङ	नगरसभा सदस्य	नी.न.पा.१	
५	श्री ध्वज वहादुर गुरुङ	नगरसभा सदस्य	नी.न.पा.२	
६	श्री राजकुमार श्रेष्ठ	नगरसभा सदस्य	नी.न.पा.३	
७	श्री हरि वहादुर श्रेष्ठ	नगरसभा सदस्य	नी.न.पा.४	
८	श्री राम वहादुर श्रेष्ठ	नगरसभा सदस्य	नी.न.पा.५	
९	श्री भुपेन्द्र कुमार श्रेष्ठ	नगरसभा सदस्य	नी.न.पा.६	
११	श्री प्रकाश कुमार श्रेष्ठ	नगरसभा सदस्य	नी.न.पा.८	
१२	श्री राजन वराइली	नगरसभा सदस्य	नी.न.पा.९	
१३	श्री सरोज पाण्डे	नगरसभा सदस्य	नी.न.पा.१०	
१४	श्री राम वहादुर श्रेष्ठ	नगरसभा सदस्य	नी.न.पा.११	
१५	श्री धर्मराज भण्डारी	नगरसभा सदस्य	नी.न.पा.१२	
१६	श्री सोम वहादुर गुरुङ	नगरसभा सदस्य	नी.न.पा.१३	

सि.न	पदाधिकारी नाम थर	पद	ठेगाना	दस्तखत
१७	श्री नमराज दुवाडी	नगरसभा सदस्य	नी.न.पा.१४	
१९	श्री राम्री नेपाली	नगरसभा सदस्य	नी.न.पा.१३	
२०	श्री छनुमाया गुरुङ	नगरसभा सदस्य	नी.न.पा.९	
२१	श्री शान्ता थापा	नगरसभा सदस्य	नी.न.पा.१३	
२२	श्री विशाल रोक्का	नगरसभा सदस्य	नी.न.पा.५	
२३	श्री लक्ष्मण रम्तेल	नगरसभा सदस्य	नी.न.पा.६	
२४	श्री मञ्जु थापामगर	नगरसभा सदस्य	नी.न.पा.७	
२५	श्री प्रेक्षा तामाङ	नगरसभा सदस्य	नी.न.पा.१	
२६	श्री तेजलाल तामाङ	नगरसभा सदस्य	नी.न.पा.१	
२७	श्री वेदराज गुरुङ	नगरसभा सदस्य	नी.न.पा.१	
२८	श्री दुर्गा गुरुङ	नगरसभा सदस्य	नी.न.पा.२	
२९	श्री नीरमाया मिजार	नगरसभा सदस्य	नी.न.पा.२	
३०	श्री द्वारिका दाहाल	नगरसभा सदस्य	नी.न.पा.२	DWARIKA
३१	श्री ज्ञान वहादुर राना	नगरसभा सदस्य	नी.न.पा.२	
३२	श्री सम्झना सुनार	नगरसभा सदस्य	नी.न.पा.३	Sanjhana
३३	श्री सन्तोष थापा	नगरसभा सदस्य	नी.न.पा.३	
३४	श्री रोशन कुमार श्रेष्ठ	नगरसभा सदस्य	नी.न.पा.३	

सि.न	पदाधिकारी नाम थर	पद	ठेगाना	दस्तखत
३५	श्री वविता शाह	नगरसभा सदस्य	नी.न.पा.४	
३६	श्री डालिया थापा नेपाली	नगरसभा सदस्य	नी.न.पा.४	
३७	श्री नवराज सिं ठकुरी	नगरसभा सदस्य	नी.न.पा.४	
३८	श्री हेमवहादुर श्रेष्ठ	नगरसभा सदस्य	नी.न.पा.४	
३९	श्री सरिता श्रेष्ठ	नगरसभा सदस्य	नी.न.पा.५	
४०	श्री मुना श्रीमल	नगरसभा सदस्य	नी.न.पा.५	
४२	श्री प्रेम वहादुर मगर	नगरसभा सदस्य	नी.न.पा.५	
४३	श्री वुद्धि गुरुङ	नगरसभा सदस्य	नी.न.पा.६	
४४	श्री चनमती मग्राती	नगरसभा सदस्य	नी.न.पा.६	
४५	श्री कमल रिजाल	नगरसभा सदस्य	नी.न.पा.६	
४६	श्री रेशम वहादुर दर्लामी मगर	नगरसभा सदस्य	नी.न.पा.६	
४७	श्री सविता नेपाली	नगरसभा सदस्य	नी.न.पा.७	
४८	श्री युवराज पोखेल	नगरसभा सदस्य	नी.न.पा.७	
४९	श्री राजन अधिकारी	नगरसभा सदस्य	नी.न.पा.७	
५०	श्री दुर्गा अधिकारी	नगरसभा सदस्य	नी.न.पा.८	
५१	श्री विमला वराईली	नगरसभा सदस्य	नी.न.पा.८	
५२	श्री छवि प्रसाद काप्री	नगरसभा सदस्य	नी.न.पा.८	

सि.न	पदाधिकारी नाम थर	पद	ठेगाना	दस्तखत
५३	श्री उमेश मगर	नगरसभा सदस्य	नी.न.पा.८	
५४	श्री भद्र वहादुर गुरुङ	नगरसभा सदस्य	नी.न.पा.९	
५५	श्री सुनिल थापा	नगरसभा सदस्य	नी.न.पा.९	
५६	श्री सरिता धरेल	नगरसभा सदस्य	नी.न.पा.१०	सरिता
५७	श्री निर्मला दमाई	नगरसभा सदस्य	नी.न.पा.१०	निर्मला
५९	श्री हिम प्रसाद पाठक	नगरसभा सदस्य	नी.न.पा.१०	
६०	श्री निर्मला श्रेष्ठ	नगरसभा सदस्य	नी.न.पा.११	निर्मला
६१	श्री कोपिला रोक्का नेपाली	नगरसभा सदस्य	नी.न.पा.११	
६२	श्री भिमसेन वहादुर गरुङ	नगरसभा सदस्य	नी.न.पा.११	
६३	श्री विवेक धमला	नगरसभा सदस्य	नी.न.पा.११	———
६४	श्री सानु माया राउत	नगरसभा सदस्य	नी.न.पा.१२	सानु
६५	श्री काली रोक्का	नगरसभा सदस्य	नी.न.पा.१२	
६६	श्री गोविन्द सापकोटा	नगरसभा सदस्य	नी.न.पा.१२	
६७	श्री एलिना राई गुरुङ	नगरसभा सदस्य	नी.न.पा.१३	
६८	श्री धनेन्द्र गुरुङ	नगरसभा सदस्य	नी.न.पा.१३	
६९	श्री कमला तामाङ	नगरसभा सदस्य	नी.न.पा.१४	
७०	श्री गिता परियार	नगरसभा सदस्य	नी.न.पा.१४	

सि.न	पदाधिकारी नाम थर	पद	ठेगाना	दस्तखत
७१	श्री भिम वहादुर गुरुङ	नगरसभा सदस्य	नी.न.पा.१४	
७२	श्री सुर्य वहादुर तामाङ	नगरसभा सदस्य	नी.न.पा.१४	
	अन्य आमन्त्रित उपस्थिति			
१	विष्णु प्रसाद निरौला	प्रा.वि.स.सं.	नीलकण्ठ	
२	लोकनाथ उपाध्याय	वरिष्ठ शाखा अधिकृत	नीलकण्ठ गा.पा.	
३	सुशिल अधिकारी	वडा सचिव, ९न.न.पा		
४	राजु खायु	वडा सचिव, ४ नं.न.पा		
५	ठाकुर कुमाला	अ.हे.क. BHC-१२	नीलकण्ठ-१२	
६	दिनेशकुमार वि.क.	४ नं. वडा सचिव	नी.न.पा-४	
७	लक्ष्मण प्र.राउत	प्रशासकीय अधिकृत	नी.न.पा	
८	लक्की नरुकी	आ.ल.प/ल.ब	नी-४	
९	राजकुमार श्रेष्ठ	वडा सचिव-११ ने.प्र. नी.न.पा		
१०	अञ्जली श्रेष्ठ	वडा सचिव १२न	नीलकण्ठ	
११	रामकुमार शाह	प्रशासकीय उपाध्यक्ष	नीलकण्ठ	
१२	अर्जुन कुमार त्रिपाठ	रोजगार संयोजक	नीलकण्ठ	
१३	सरोज तिवारी	कार्यकारी सहायक पार्थ	"	
१४	अर्जुन श्रेष्ठ	ल.ल.अ	"	
१५	दिनेश तुवाँ	वि.का.अ	"	
१६	शिव प्र.अधिकारी	अध्यक्ष, WASH Board		
१७	प्रकाश दत्त पन्त	प्र.लेखा अधिकृत	नी.न.पा.	
१८	कृष्ण प्रसाद लम्साल	प्र.लेखा अधिकृत	नी.न.पा.	
१९	डिल्लीरमण लम्साल	प्र.उ. प्रमुख	नि.नि.पस	
२०	विनोद कुमार	नि.प्र.प. खानेपानी	नि.न.पा	
२१	लक्ष्मण पौडेल	अधिकृत	न/ल.प	
२२	रत्न भट्टराई	६ नं.वडा सचिव	नी-६	
२३	रान कुमार श्रेष्ठ	नि.प्र.प	नि.न.पा	
२४	राजेश पोखरेल	नी.पा.से.प्र.	नी.न.पा	

नगर प्रमुख

सि.न	नाम थर	पद	ठेगाना	दस्तखत
२५	श्याम बहादुर मगराती	पत्रकार	पैरवी अनलाइन	
२६	नवराज बोष्ठ 'चहाना'	" "	होराइजन रण्डरङ्ग	
२७	राजेन्द्र गुप्त	"	होराइजन स्टाफ	
२८	भागवती प्र. रुपेती	" "	नसीवाटिक	
२९	मनिष श्रेष्ठ	पत्रकार (अनिमफेक्ट)	टेकन नं. 3	
३०	सरिता तामाङ	" (दिथादर्शन हेल्थ	नं 3	
३१	स्यानिमा गुरुङ	"	नं 3	
३२	विनु सिंरवडा	गणेश हिमाल	—	
३३	शर्मिला परियार		नि.स्था-6	
३४	सयुज श्रेष्ठ	नी.न.वा.सं.	नीनवासं	
३५	कृष्ण लाल श्रेष्ठ	शल्यचिकित्सक	"	
३६	प्रदिप बुढाथोकी	स्वयंसेवक	नी.न.वा	
३७	रामजी इटनी	वे.रे.स्वयंसेवक	नि.न.वा	
३८	मेचनाथ कोइराला	स्रोतव्यक्ति	नी.न.वा	
३९	तारा बहादुर छत्री	प्रा.नि.	नी.ने.वा.	
४०	ज्योती शाक्य	सि.अ.हे.व.	सुनौलाकमए स्वा.चौ	
४१	अनिता अधिकारी	अ.हे.व.	आ.स्वा.के	
४२	सरुजना मगर	अ.हे.व	आ.स्वा.के	
४३	सरिता रिजाल	अ.हे.व	आ.स्वा.के 6	
४४	सिजेता पाठक	अ.हे.व	नि.न0 हनुमानढोका	
४५	डा. अंचल श्रेष्ठ	पशु चिकित्सक	नी.न.वा	
४६	कप्तीराज रेग्मी	नी.न.वा.प्र (पाँचौं)	नी.ने.वा.	
४७	रोशन आले मगर	ज.स्वा.कि.(छौं)	ती.नथा	

सि.न	नाम थर	पद	ठेगाना	दस्तखत
४८	अनिल मैनाली	सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा	नी-न पा - १०	
४९	दान ब० कुमाल	अमिन	नीमनर्ट	
५०	आरती पोरवरेल	है.अ	नी-न-पा - ३	Aarati
५१	अम्बिका पुवाडी	सिअ.ने.सं.को अ.इ.क	नेनपा ४	
५२	राजु कुमार डाबेक		नी.न.पा.४	
५३	शिवराज डोक	सि.अ.डे.ज.	नी.न.पा-२	
५४	राम कुमार कुँवर	सि.अ.इ.व	नी.न.पा-१४	
५५	लहरी लमसाल	सि.अ.इ.व	नीनपा ३	
५६	घन बहादुर डोक	अ.इ.व	नी.न.पा.१	
५७	दान बहादुर गाहा	इ.अ.	नी.न.पा.८	
५८	शितल थ्रेष्ठ	अ.क.इ	नी.न.पा	
५९	विशाल कैट	अ. इन्जिनियर	"	
६०	सतेश सिटौला	सहायक इन्जिनियर	"	
६१	मिना श्रेष्ठ	का.स.	नी.न.पा	मिना
६२	वीर बहादुर पाण्डे	बडा लाभ्चि	नी.नि.पा.३	
६३	शिव राना	निर्देशक	WASH-Bank	
६४	सीताराम अधिकारी	अध्यक्ष नेपाल पत्रकार महासंघ		
६५	सरिता श्रेष्ठ	सचिव " "	"	
६६	श्री कृष्ण रिजाल		नी.न.पा	
६७	दीपक ओझरानी	स्थानीय शासन विज्ञ	"	
६८	अर्जुन डोक	बडा लाभ्चि	नेपाल ४	
६९	तेजि कोइराला	इन्जि सिभिल	नी.न.पा	

सि.न	नाम थर	पद	ठेगाना	दस्तखत
७०	धर्मराज गौतम	ए. इ.		
७१	कृष्ण ढकाल	"		
७२	रामजी शैव	S.		
७३	ठाकुर ढकाल	ए. इ.		
७४	रामशरण विलाल	से. क. अ		
७५	बेनु तामाङ	की. ऐ. सिकाइवर		
७६	मनिषा तिवारी	ना. प्रा. ए	ना. डा.	
७७	मिरा उपरकोटी	सहायक चौथो	ना. न. पा.	
७८	संगिता अधिकारी	का. स.	"	संगिता
७९	निर्मला कोइराला	जी. एच. ओ	"	
८०	सिद्धार्थ विलाल	का. सु. इ.	"	
८१	वासुदेव ढकाल	ए. ई	"	
८२	शिवराज लम्जिवेश	का. स	"	
८३	संगिता अधिकारी	को. ल	ना. न पा	संगिता
८४	बलाकुमारी भट्टराइ	"	ना न पा	
८५	सुविता श्रेष्ठ	उ. वि. नि.	ना. न पा	
८६	रिता मल्ला ठकुरी	न. प्र.	ना न पा	
८७	राम थापा	नगर प्रहरी ह'	"	
८८	भीज बहादुर	"	"	
८९	राजन थापा	नगर प्रहरी मजाम	"	
९०	उदय दाहाल	"	"	
९१	गोकुल नगर	चालक	"	

क्र.न	नाम थर	पद	ठेगाना	दस्तखत
९२	अमिता पोरवाल	पत्रकार	Bhadrag	Amp
९३	गणेश बे. मेघ		नी.न.पा	Ggg
९४	यशोदा अर्याला	कार्यालय सहायक	नी.न.पा.	
९५	सोल्जा सिलवाला	व.क.अ.	नी.न.पा.३	Jamp
९६	अमिता मेघ	कार्यालय सहायक	नीलकण्ठ	Amita
९७	स्नेहा अर्याला	एच अन्डिनीयर	नीलकण्ठ ३	
९८	धर्म कुमारी हटनी	भिडसहायक	नी.न.पा	
९९	अशोक शर्मा हुवाडी	न.व.ले.प्र.	नी.न.पा.	
१००	सविता बोइराला	सुचना तथा परामर्शकर्ता	"	
१०१	सरस्वती लम्साला	कियो साहित्य सल्लाहकार	"	
१०२	कमला बोइराला	रिटायर्ड		
१०३	रामकाया मेघ	रिटर्न स्वयंसेवक	"	
१०४	अर्जुन रिजाल	सब इन्जिनियर	नी.न.पा.३	
१०५	गंगा सुनार	पत्रकार	नी.नपा	
१०६	अनिल नेपाली	पत्रकार वातावरणविज्ञ	स्थायी	
१०७	अर्जुन प्रसाद	नेपालभाषा	स्थायी	
१०८	विकास खैतियार	API	मंगलबारी	
१०९	रश्मी श्रेष्ठ	स्टाफ नर्स	नील-३	
११०	देवनाथ पाण्डेकोटा	डा.स	नी.१२	
१११	मोहन परियार	डा.स	नी.न.पा	मोहन
११२	कृष्ण परियार	डा.स	नी.न.प	
११३	सानुबाजी दहल			

सि.न	नाम थर	पद	ठेगाना	दस्तखत
११४	लाल बे·रवण उकुर्ी			
११५	डोपिला गाइ लिम्बू	सदस्य·क·अ-	मी.नि.पा	[illegible]
११६				
११७				
११८				
११९				
१२०				
१२१				
१२२				
१२३				
१२४				
१२५				
१२६				
१२७				
१२८				
१२९				
१३०				
१३१				
१३२				
१३३				
१३४				
१३५				

स्थानीय सरकार

नीलकण्ठ नगरपालिका

धादिङवेसी, धादिङ

बागमती प्रदेश,नेपाल

नगरसभाको १९ औं अधिवेशनमा

मिति २०८३ आषाढ ४ र २६ गते

कार्यसूची तथा ऐजेण्डाहरु

१. आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रमका सम्वन्धमा।

२. विनियोजन विधेयक, २०८३, आर्थिक विधेयक, २०८३ छलफलका सम्वन्धमा।

३. आ.व.२०८२/०८३ को संशोधित आय व्यय र आ.व. २०८३/०८४ को स्रोत अनुमानका सम्वन्धमा।

४. आ.व. २०८२/०८३ मा सम्पूर्ण कार्यपालिका वैठकका निर्णयहरु अनुमोदन सम्वन्धमा।

५. लेखा परिक्षण प्रतिवेदनका सम्वन्धमा।

६. न्यायिक समितिको प्रतिवेदनका सम्वनधमा।

७. वित्तिय प्रतिवेदन तथा जिन्सी निरिक्षण प्रतिवेदन अनुमोदनका सम्वन्धमा।

८. अन्य विविध निर्णयहरुका सम्वन्धमा।

स्थानीय सरकार

नीलकण्ठ नगरपालिका

नगरसभाको १९ औं अधिवेशनमा

नगरप्रमुख भीम प्रसाद ढुंगानाद्वारा प्रस्तुत आर्थिक बर्ष २०८३/०८४ को

नीति तथा कार्यक्रम

नगर उप-प्रमुखज्यू,

कार्यपालिका सदस्यज्यूहरू,

प्रमुख प्रशासकीय अधिकृतज्यू,

नगरसभाका सदस्यज्यूहरू,

राष्ट्रसेवक कर्मचारीहरू, अन्य उपस्थित आमन्त्रीत महानुभावहरु !

सञ्चारकर्मी, नागरिक समाजका अगुवा तथा सम्पूर्ण नगरवासी दिदीबहिनी तथा दाजुभाइहरू।

नेपालको लोकतान्त्रिक आन्दोलन, २०४६ सालको जनआन्दोलन, २०६२/६३ को जन-आन्दोलन, दश वर्षे सशस्त्र द्वन्द्व, मधेश आन्दोलन, जनजाति आन्दोलन, जेनजी विद्रोह तथा विभिन्न राजनीतिक, सामाजिक र लोकतान्त्रिक आन्दोलनहरूमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै लोकतन्त्र, गणतन्त्र, संघीयता, समावेशीता, सामाजिक न्याय र नागरिक अधिकार स्थापनाका लागि योगदान पुऱ्याउनु हुने अग्रज, घाइते, बेपत्ता तथा पिडित परिवारहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

पछिल्लो समय देशभर विशेषगरी युवापुस्ताले उठाएका सुशासन, रोजगारी, अवसर, पारदर्शिता, परिणाममुखी सेवा र जवाफदेही शासनका जायज आवाज तथा अपेक्षालाई आत्मसात गर्दै, चालु आर्थिक वर्ष २०८२/०८३ का उपलब्धि, सिकाइ र अनुभवहरूको समिक्षा गर्दै तथा नगरपालिकाको आवधिक योजना (२०८२-२०८७), मध्यकालीन खर्च संरचना (२०८२-२०८५), संस्थागत क्षमता विकास योजना र दिगो विकास लक्ष्यको स्थानीयकरणलाई आधार मानी आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु।

विगतका उपलब्धिहरूको संक्षिप्त समीक्षा

नीलकण्ठ नगरपालिकाले विगत ९ वर्षको अवधिमा संस्थागत विकास, सेवा प्रवाह सुधार, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पूर्वाधार विकास तथा सुशासनका क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ। स्थानीय सरकारको समग्र कार्यसम्पादन क्षमता र उपलब्धीहरुको मापन गरी स्तर निर्धारण गरिने संस्थागत क्षमता स्वमुल्यांकनमा निरन्तर सर्वेत्कृष्ठ भै नीलकण्ठ नगरपालिकाले देशव्यापी रुपमा एउटा मानक स्थापित गरेकोछ।

संघीय सरकारले स्थानीय सरकारको स्वायत्ततालाई हस्तक्षेप नगरी वित्तीय र प्रशासनिक सुशासनको अवस्था जाँच गर्ने र सोही आधारमा प्रोत्साहन वा सहयोग तय गर्ने प्रणालीको राष्ट्रिय प्रतिस्पर्धामा नीलकण्ठ नगरपालिका विगत ५ बर्ष देखि देशका कूल ७५३ स्थानीय सरकारहरु मध्ये सर्वोत्कृष्ठ भै १ नम्बरमा रहनु नीलकण्ठ नगरपालिका र नगरवासीहरुका लागि सवैभन्दा ठूलो गौरवपूर्ण उपलब्धिका रुपमा हामीले लिएकाछौं।

पूर्वाधार विकास र आवश्यकता क्षेत्रका हिसावले असिमित माग र अझै गर्नुपर्ने धेरै कामहरुको प्राथमिकताका विच गरेका काम र उपलब्धिको यो उचाइ हाम्रो नेतृत्वको सर्वोत्कृष्ठ उपलब्धि हो। सुशासन अभिबृद्धि र वित्तीय पारदर्शितामा समेत उत्कृष्ठ नतिजा हासिल गर्दै संघीय सरकारको एकीकृत क्षमता मूल्यांकनमा समेत देशभरका स्थानीय सरकारहरु मध्ये पहिलो स्थानमा पर्नु र वेरुजु फर्स्यौटमा ९९ दशमलव ९१ प्रतिशत सफल हुनु हाम्रो कार्यसम्पादनको अर्को ऐतिहासिक उपब्धी रहेको तपाईहरु सम्पूर्णका वीचमा स-गौरव जानकारी गराउदछु।

हामीले नगरपालिकाको दीर्घकालीन विकास मार्ग चित्र तयार गरेका छौं। एकीकृत नगरविकास योजना, आवधिक योजना, मध्यकालीन खर्च संरचना, संस्थागत क्षमता विकास योजना तथा दिगो विकास लक्ष्यको स्थानीयकरण योजनाले हाम्रा प्राथमिकता र विकास लक्ष्यलाई स्पष्ट बनाएको छ।

नगर करिडोर, नगर चक्रपथ, नीलकण्ठेश्वर पार्क, धादिङवेशी वृहत खानेपानी आयोजना सहित १४ वटै वडामा एक घर एक धाराको लक्ष्य पुरा गर्न सञ्चालन भैरहेका आयोजनाहरु, सडक स्तरोन्नती, विद्यालय सुधार, मोबाइल भेटेनरी सेवा, महिला सशक्तीकरण कार्यक्रम, निःशुल्क शिक्षा कार्यक्रम तथा डिजिटल सेवा विस्तार जस्ता महत्वपूर्ण कार्यक्रमहरू हाल कार्यान्वयनमा रहेका छन्।

सुत्केरीलाई निःशुल्क एम्बुलेन्स सेवा, विपन्नलाई काजक्रिया खर्च, गरिव अशक्तहरुलाई उपचार खर्च सहायता, सिंचाइ तथा खानेपानी लिफ्टीडको विद्युत शुल्कमा ७० प्रतिशत अनुदान, सडकबत्तीमा ५०

प्रतिशत अनुदान, कृषि र भेटेनरीमा निःशुल्क सेवा र विशेष अनुदान, मेयर संग जनता स्वास्थ परिक्षण कार्यक्रम मार्फत घरदैलो मै जेष्ठ नागरिकहरुको उपचार सेवा, मेयर उद्यमशीलता कार्यक्रम मार्फत व्यवसाय प्रवर्द्धन र सहुलियत ऋणको व्यवस्था, दलित, विपन्न तथा जेहन्दार विद्यार्थीहरुलाई बार्षिक एक लाखसम्मको छात्रवृत्ति, विपन्न् तत्काल उद्दार तथा सहायता जेष्ठ नागरिक, अपांगता र वालवालिकाहरुका लागि विशेष सहायता कार्यक्रम हामीले गरेका सेवामूलक कार्यक्रमका रुपमा स्थापित भएका छन्।

यद्यपी बेरोजगारी, व्यवस्थित शहरीकरण, स्थानीय उत्पादनको बजारीकरण, पर्यटनको व्यवसायीकरण, गुणस्तरीय शिक्षा तथा संस्थागत सुदृढीकरणका क्षेत्रमा अझै महत्वपूर्ण काम गर्न बाँकी रहेको यथार्थलाई स्वीकार गर्नैपर्छ। सिमित आर्थिक श्रोत/साधनका बावजुत धेरै उपलब्धिमूलक काम गरिएको भए पनि नगरवासीहरुको अत्यावश्यक विकास मागलाई समेत सम्बोधन गर्न श्रोत/साधन अभावकै कारण सकिएको छैन।

तथापी समावेशी विकास, वजेटको सन्तुलित वितरण र तुलनात्मक उपलब्धीका दृष्टीकोणबाट हेर्दा हामीले गर्व गर्ने धेरै काम भएका छन्। आगामी वर्षको नीति तथा कार्यक्रममा नयाँ नीति तथा कार्यक्रम थप्ने भन्दा पनि स्थापित एवम् घोषीत नीति कार्यक्रमहरूलाई संस्थागत गर्दै, प्रभावकारी कार्यान्वयन तथा परिणाम सुनिश्चिततामा केन्द्रित गरिएको छ। विगतका घोषित नीति एवम् आगामी बर्ष केही थप र परिमार्जित रुपमा कार्यान्वयन गरिने नीति तथा कार्यक्रमलाई बुँदागत रुपमा प्रस्तुत गर्न चाहन्छु:

१. <u>सुशासन, सेवा प्रवाह तथा संस्थागत सुदृढीकरण</u>

नगर कार्यपालिका तथा वडा कार्यालयहरूको संगठन संरचनालाई समयानुकूल परिमार्जन गरी प्रविधिमैत्री, जनमैत्री, उत्तरदायी र चुस्त सेवा केन्द्रका रूपमा विकास गरिनेछ। संस्थागत क्षमता विकास योजनाले सिफारिस गरेका संरचनागत सुधार, कार्य प्रवाह व्यवस्थापन, मानव संसाधन विकास तथा डिजिटल रूपान्तरणका कार्यक्रमहरू चरणवद्ध रूपमा कार्यान्वयन गरिनेछ।

सेवा प्रवाहलाई सरल, सहज, छिटो र पारदर्शी बनाउन अनलाईन सेवा, विद्युतीय अभिलेख व्यवस्थापन, डिजिटल फाइल प्रणाली, राजस्व व्यवस्थापन तथा सेवा ट्र्याकिङ प्रणालीलाई थप प्रभावकारी बनाइनेछ। वडा कार्यालयहरूलाई स्थानीय सरकारको पहिलो सेवा केन्द्रका रूपमा विकास गर्दै

आवश्यक प्रविधि, जनशक्ति तथा स्रोतसाधन उपलब्ध गराइनेछ। नगरको सम्पूर्ण सेवालाई एकद्वार प्रणालीमा सञ्चालन गरी इ-गभर्नेन्स सेवा कार्यान्वयन गरिनेछ।

स्थानीय सरकार कार्यसम्पादन मूल्यांकन प्रणालीलाई अझै प्रभावकारी र व्यवस्थित बनाउन LGPAS सुधार कार्ययोजना अनुसारका क्रियाकलाप सञ्चालन गरिनेछ।

टोल विकास संस्थाहरु र टोल विकास संस्था महासंघ संग सहकार्य गरी नागरिक सहभागिता बढाउँदै संस्थागत क्षमता विकास, सामाजिक समावेशीकरण, शसक्तिकरण, विपद् उद्दार र सामुदायीक विकासका क्षेत्रमा सहकार्य गरिनेछ।

नगरपालिका र मातहतमा कार्यरत सम्पूर्ण जनशक्तिको उच्च मनोवल कायम राखी जनमैत्री स्थानीय सरकारलाई चुस्त, दुरुस्त र जनभावनामैत्री स्थानीय सरकारको रुपमा विकास गर्दै सहज र सुलभ सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहीता, उत्तरदायी प्रशासन निर्माणका लागि कार्यरत कर्मचारी/जनशक्तिहरुको व्यक्तिगत सुरक्षा र सामाजिक सुरक्षाको प्रत्याभूति दिलाउन आगामी बर्ष देखी सबै कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धता गराउने व्यवस्था मिलाईनेछ।

२.आवधिक योजना, मध्यकालीन खर्च संरचना तथा संस्थागत सुधारको कार्यान्वयन

नगरपालिकाको आवधिक योजना २०८२-२०८७, मध्यकालीन खर्च संरचना २०८२-२०८५ तथा संस्थागत क्षमता विकास योजनाले निर्दिष्ट गरेका विकास लक्ष्य, रणनीति तथा सुधार कार्यक्रमहरूलाई आगामी वर्षको वार्षिक कार्यक्रम र बजेटसँग आबद्ध गरी कार्यान्वयन गरिनेछ।

नगरपालिकाको विकास निर्माण र सेवाप्रवाहलाई प्राथमिक तथ्यांकमा आधारित भै आवश्यकताको सिद्धान्त अनुरुप व्यवस्थित गर्न १४ वटै वडाका घर परिवार एवम् संस्थागत प्राथमिक तथ्यांकहरुको अध्यावधिक गरी डिजिटल तथ्यांक सर्भर स्थापना गरिनेछ।

योजनाबद्ध विकास, परिणाममुखी बजेट प्रणाली तथा कार्यसम्पादनमा आधारित अनुगमन प्रणालीलाई संस्थागत गरिनेछ।

३. रोजगार, सीप विकास तथा उद्यमशीलता

नगर क्षेत्रमा रोजगारी सिर्जना गर्न "एक युवा एक सीप" अभियानलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ। श्रम बजारको माग तथा स्थानीय सम्भावनाका आधारमा सीपमूलक तालिम सञ्चालन गरी युवाहरूलाई स्वरोजगार तथा उद्यमशीलतासँग जोडिनेछ।

नगरपालिकाले यसै वर्ष जारी गरेको नगर रोजगार नीति अनुरुप आगामी ५ वर्षका लागि रोजगार सृजना गर्न रोजगारीको विषय क्षेत्रगत अध्ययन गरी रोजगार रणनीति निर्माण गरिनेछ। मेयर उद्यमशीलता विकास कार्यक्रमलाई अझ व्यापक र सहज बनाउँदै आगामी वर्षमा उद्यमशील बन्न चाहने सबै वडाका युवाहरुको रोष्टर तयार गरी आवश्यक सहयोग गरिनेछ।

स्टार्टअप सहायता, बिउपूँजी सहायता, व्यवसायिक परामर्श, उद्यम विकास सेवा तथा बजार पहुँच कार्यक्रम सञ्चालन गरिनेछ। वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको सीप, अनुभव तथा पूँजीलाई स्थानीय उत्पादन, पर्यटन, कृषि तथा सेवा क्षेत्रमा परिचालन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

वैदेशिक रोजगारलाई सुरक्षीत र सम्मानीत बनाउँदै आप्रवासी कामदार र उनीहरुको परिवारको अधिकार सुनिश्चित गर्न प्राथमिकता दिइनेछ। संघ, प्रदेश सरकार र वैदेशिक रोजगार बोर्ड संगको साझेदारीमा आप्रवासी कामदार र उनीहरूको परिवारलाई लक्षित गरी आप्रवासी स्रोत केन्द्रबाट सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, न्यायको लागि समन्वय सहजीकरण, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता र सीप अभिवृद्धि गर्नका लागि लक्षित कार्यक्रम संचालन/समन्वय गरिने छ ।

वैदेशिक रोजगारबाट फर्केका व्यक्ति (Returnee Volunteer) परिचालन गरी घरदैलो सम्म नै सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सचेतना प्रवाह गरिनेछ। स्वरोजगार, आन्तरिक रोजगार साथै वैदेशिक रोजगारसँग सम्बन्धित विषयलाई व्यवस्थित गर्न यस नगरपालिकाको संगठन संरचनामा श्रम तथा रोजगार शाखा विस्तार गरी आवश्यक सेवाहरुलाई एकीकृत रुपमा प्रवाह गरिने छ।

४. स्थानीय आर्थिक विकास तथा "एक वडा एक पहिचान"

विगतदेखि सञ्चालन हुँदै आएको "एक वडा एक उत्पादन" कार्यक्रमलाई थप परिष्कृत गरी "एक वडा एक पहिचान" अभियानका रूपमा विकास गरिनेछ। प्रत्येक वडाको विशिष्ट उत्पादन, सेवा,

संस्कृति, पर्यटन, हस्तकला वा आर्थिक सम्भावनालाई पहिचान गरी त्यसको ब्राण्डिङ, बजारीकरण तथा प्रवर्द्धन गरिनेछ।

स्थानीय उत्पादनलाई बजारसँग जोड्ने, मूल्य श्रृंखला विकास गर्ने तथा स्थानीय अर्थतन्त्रलाई सबल बनाउने कार्यक्रम सञ्चालन गरिनेछ।

५. <u>कृषि, पशुपालन तथा मोबाइल भेटेनरी सेवा</u>

कृषि तथा पशुपालनलाई व्यवसायीकरण गर्दै किसानको उत्पादन लागत घटाउने र आम्दानी बढाउने कार्यक्रम सञ्चालन गरिनेछ। कृषि उत्पादन, प्रशोधन, भण्डारण, ब्राण्डिङ तथा बजार व्यवस्थापनलाई प्राथमिकता दिइनेछ। यस बर्ष कृषि र पशु-पालनका क्षेत्रमा दिइने सहायता कार्यक्रमलाई पूर्णतः मागमा आधारित बनाउन एकमुष्ट अनुदान कोषको व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गरिनेछ। मोबाइल भेटेनरी सेवा कार्यक्रमलाई थप व्यवस्थित, दिगो र प्रभावकारी बनाइनेछ। भेटेनरी स्वयंसेवकलाई आत्मनिर्भर बनाउने तथा किसानलाई तत्काल प्राविधिक सेवा उपलब्ध गराउने प्रणाली विकास गरिनेछ। रैथानेवालीको संरक्षण, रैथाने परिकारको प्रवर्द्धन तथा रैथाने विउ बैंक स्थापना गरिनेछ। नगर क्षेत्रमा उत्पादनहुने कृषि उपजको व्यवस्थित बजारीकरणका लागि मुल्य-श्रृंखला अध्ययन गरी उत्पादित कृषि उपजहरुको बजारीकरण र ब्यावसीकतामा जोड दिइनेछ। कृषि क्षेत्रमा दिइने अनुदानलाई व्यवसाय विउपुँजी र उत्पादन अनुदानका रुपमा दिई वास्तविक किसानलाई व्यवसायीक कृषिमा प्रोत्साहन गरिनेछ।

६. <u>गुणस्तरीय, निःशुल्क तथा दिगो शिक्षा</u>

नगरपालिकाले कार्यान्वयन गरिरहेको निःशुल्क शिक्षा कार्यक्रमलाई थप गुणस्तरीय, दिगो तथा समुदायको स्वामित्वयुक्त बनाइनेछ। विद्यालय, अभिभावक, शिक्षक, पूर्वविद्यार्थी तथा क्याचमेन्ट क्षेत्रका सरोकारवालाहरूको साझा शैक्षिक सरोकार सञ्जाल निर्माण गरिनेछ। सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार, सिकाइ उपलब्धि अभिवृद्धि, प्रविधिमैत्री शिक्षा, नवप्रवर्तन तथा जीवनोपयोगी सीपमा आधारित शिक्षालाई प्राथमिकता दिइनेछ।

गत बर्ष देखि शुरुवात गरिएको विद्यालय, शिक्षक र विद्यार्थी प्रोत्साहन सहितको पुरस्कारलाई थप व्यवस्थित र प्रवकारी मूल्यांकन प्रणालीमा आधारित बनाइनेछ। शिक्षक क्षमता विकास र

गुणस्तरलाई अभिबृद्धि गर्न नगर स्तर र विद्यालय स्तरमा शिक्षकहरुको क्षमता परिक्षण गरी रोष्टर तयार गरिनेछ।

विद्यालय सञ्चालन, पूर्वाधार र जनशक्तिको निश्चित मापदण्ड तयार गरी सोहि आधारमा नगर अनुदानका शिक्षक जनशक्ति परिचालन, विद्यालय समायोजन र निःशुल्क शिक्षा कार्यान्वयन प्रोत्साहन अनुदानलाई व्यवस्थित गरिनेछ।

नगरपालिका भित्रको एक मात्र सामुदायिक क्याम्पस निलकण्ठ वहुमुखी क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धि तथा सुधारका लागि शैक्षिक सहायता उपलब्ध गराइने छ।

शैक्षिक सुशासन र शिक्षक पेशागत विकासका कार्यक्रम वृद्धि गरिनेछ। अन्तर स्थानीय तह एवम् अन्तर वडा सिकाइ आदानप्रदान गर्ने गरी कार्यक्रम तर्जुमा गरिनेछ। शिक्षक आदानप्रदान गरी एक विद्यालयका असल शिक्षण सिकाइ अभ्यासलाई अर्को विद्यालयमा विस्तार गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

७. स्वास्थ्य, पोषण तथा सामाजिक सुरक्षा

आधारभूत स्वास्थ्य सेवाको पहुँच र गुणस्तर अभिवृद्धि गर्दै स्वास्थ्य संस्थाहरूको क्षमता विकास गरिनेछ। टेलिमेडिसिन सेवा, स्वास्थ्य बीमा कार्यक्रम, पोषण, मातृ तथा शिशु स्वास्थ्य, ज्येष्ठ नागरिक सेवा तथा जनस्वास्थ्य कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमहरूलाई थप प्रभावकारी, लक्षित र परिणाममुखी बनाइनेछ। नागरिक स्वास्थ्य, आरोग्यता, आयुर्वेद, वैकल्पिक चिकित्सा र योग शिक्षालाई प्रवर्द्धन गरी स्वस्थ्य सचेतना अभियानलाई अघि बढाइनेछ। पतंजली योग समिति धादिङले विस्तार गरिरहेको योग साधनालाई सवै वडा र विद्यालयहरुमा विस्तार गर्न आवश्यक सहयोग गरिनेछ।

स्वास्थ सचेतना तथा जागरणका लागि महिला स्वास्थ स्वयंसेवीकाहरु संग प्रभावकारी समन्वय गरी पूर्वसावधानी र जागरणमूलक स्वास्थ अभियान सञ्चालन गरिनेछ।

पूर्णखोप, क्षयरोग नियन्त्रण, र मातृ-शिशु सुरक्षा जस्ता आधारभूत कार्यक्रमलाई निरन्तरता दिँदै आम नागरिकलाई स्वास्थ्य बीमामा आवद्ध गर्ने; गरिब, असहाय र महिला स्वास्थ्य स्वयंसेविकाको निःशुल्क बीमा गर्ने एवम् विद्यालय स्वास्थ्य कार्यक्रमलाई निरन्तर गरिनेछ।

धादिङ अस्पताल सहित देशका अन्य प्रतिष्ठित अस्पतालसँगको समन्वयमा वडा स्तरमै विशेषज्ञ सेवा सहितको स्वास्थ्य शिविर सञ्चालन गरिनेछ। "जनतासँग मेयर स्वास्थ्य परीक्षण" र "जेष्ठ नागरिक घरदैलो उपचार कार्यक्रम" मार्फत नसर्ने रोग न्यूनिकरण गर्ने; दीर्घरोगी र विपन्न विरामीहरुलाई यातायात तथा उपचार खर्च सहायता कार्यक्रम र गाउँ-शहरलाई स्वच्छ राख्दै लागू औषध विरुद्ध सचेतना फैलाईनेछ।

८. <u>सशक्तीकरण तथा समावेशीकरण</u>

महिलाको राजनीतिक, सामाजिक तथा आर्थिक सशक्तीकरणका लागि महिला सशक्तीकरण ऐन जारी गरी महिला नेतृत्व विकास, आर्थिक आत्मनिर्भरता, सीप विकास तथा उद्यमशीलतालाई प्राथमिकता दिइनेछ। महिला सशक्तीकरण रणनीतिक कार्ययोजना तथा तालिम स्रोत पुस्तिका तयार गरी कार्यान्वयन गरिनेछ। "महिलासँग महिला जनप्रतिनिधि" कार्यक्रमलाई थप व्यवस्थित गरी महिला शसक्तीकरण कार्यक्रम कार्यान्वयन योजना अनुसार नगरव्यापी अभियानका रूपमा सञ्चालन गरिनेछ।

दलित शसक्तिकरण ऐन र कार्ययोजना अनुरुप दलित समुदायको शसक्तिकरण, चेतना अभिबृद्धि, नेतृत्व विकास र आयआर्जन एवम् जिविकोपार्जनका लागि माग र आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गरिनेछ।

जेष्ठ नागरिक सम्मान, अपांगता जिविकोपार्जन एवम् क्षमता विकास, गरिव विपन्न र अशक्तहरुको सेवा र सहयोगका लागि आवश्यक सहायता कार्यक्रमहरु सञ्चालन गरिनेछ।

वालमैत्री नगर घोषणाका लागि निर्धारित ५१ सूचकहरुमा आधारित क्रियाकलापहरु निरन्तर गरिनेछन्। नगर स्तरीय वालक्लबद्वारा माग गरेका योजना तथा कार्यक्रम एवम् अन्य वाल उधानका क्षेत्रमा आवश्यकता र प्राथमीकताको आधारमा आवश्यक वजेट व्यवस्थापन गरी वालमैत्री स्थानीय सरकार घोषणाका कार्यहरु क्रमिक रुपमा अगाडि वढाइदै लगिने छ।

९. <u>युवा तथा खेलकुद विकास</u>

युवा तथा खेलकुद क्षेत्रको संस्थागत विकासका लागि नगर युवा तथा खेलकुद विकास समिति गठन गरिनेछ। खेलमैत्री नगर अभियान सञ्चालन गरी खेल पूर्वाधार विकास, प्रशिक्षक उत्पादन, प्रतिभा पहिचान तथा नियमित प्रतियोगितालाई प्रोत्साहन गरिनेछ।

विद्यालयमा खेलकुदः विद्यालयमा खेलाडी नामक रचनात्मक कार्यक्रम मार्फत विद्यालय खेलकुद विकासका लागि आवश्यक सहयोग र अनुदानको व्यवस्था गरिनेछ।

युवा नेतृत्व, नवप्रवर्तन, स्वयंसेवा तथा सामाजिक उत्तरदायित्वका कार्यक्रमहरू सञ्चालन गरिनेछन्। युवाहरुलाई रोजगार, शीप र उद्यमशीलता संग जोडेर स्टार्टप सहयोग, उत्कृष्ट र व्यावहारिक विचार, अवधारणा र नविनतम् सोच भएका युवाहरूलाई विउ पुँजी, मेन्टरसिप (परामर्श), र बजारसँग जोडेर व्यावसायिक रूपमा अघि बढ्न सहयोग गरिनेछ।

युवा संग उपमेयर कार्यक्रमलाई अझ प्रभावकारी बनाउँदै रोजगार मेलाबाटै रोजगारमा आवद्ध गराउने गरि रोजगारदाता र सीप क्षमतायुक्त युवाहरुको साझा फोरम तयार गरिनेछ। युवाहरुको मागमा आधारित शिपविकास तालिमलाई नीलकण्ठ वहुप्राविधिक शिक्षालय, आरोहण तालिम केन्द्र लगायत अन्य शिपविकास तालिम प्रदायक संस्थाहरु संग सहकार्य गरी सीप परिक्षणको समेत व्यवस्था मिलाईनेछ।

युवाहरुको आइडियामा आधारित उद्यमशिलता तथा स्टार्टप कार्यक्रममा आवस्यक विउपूँजी र सहुलियत ऋणको व्यवस्था गरिनेछ।

१०. <u>नगर गौरवका आयोजना तथा पूर्वाधार विकास</u>

नगर गौरवका आयोजना नगर करिडोर, नगर चक्रपथ तथा नीलकण्ठेश्वर पार्कलाई उच्च प्राथमिकताका साथ बहुवर्षीय योजनाका रूपमा सम्पन्नतर्फ उन्मुख गरिनेछ।

धादिङवेशीको खुल्लामञ्चलाई वहुउद्देश्यीय खेलमैदानका रुपमा स्तरोन्नती गर्ने नगरपालिकाको गौरवको योजना यसै बर्ष सम्पन्न गरी विभिन्न विधाका खेलकुद कार्यक्रम आयोजना गरिनेछ।

सडक, पुल, खानेपानी, सार्वजनिक भवन तथा अन्य आधारभूत पूर्वाधारका अपूरा योजनाहरूलाई सम्पन्न गर्ने नीति अवलम्बन गरिनेछ। नयाँ योजना थप्ने भन्दा अधुरा आयोजना सम्पन्न गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

११. पर्यटन विकास

नीलकण्ठ नगरपालिकालाई देशकै आकर्षक पर्यटन गन्तव्यका रूपमा विकास गर्न विशेष अभियान सञ्चालन गरिनेछ। धार्मिक, सांस्कृतिक, प्राकृतिक तथा साहसिक पर्यटनलाई स्थानीय अर्थतन्त्रसँग जोडिनेछ। नगर क्षेत्रको पर्या पर्यटन एवम् पर्यटन प्रवर्धन र विकासका लागि विभिन्न धार्मिक पहिचान बोकेका धार्मिक धरोहरहरुको पहिचान गरी धार्मिक पर्यटनको विकास र प्रवर्द्धनका लागि आवश्यक व्यवस्थापन गरी त्यस्ता धार्मिक धरोहरका रुपमा परिचित जस्तै भैरवी मन्दिर, जिल्ला स्थित नरसिम्ह धाम लगायतका विभिन्न धार्मिक स्थलहरुको पहिचानमा जोड दिदै भौतिक पूर्वाधार विकास र सवलीकरणका लागि आवश्यक सहयोग गरिनेछ। धादिङबेसीमा **Urban Homestay** कार्यक्रम सञ्चालन गर्न आवश्यक सहजीकरण गरिनेछ। पर्यटन ब्यवसायीहरु संगको सहकार्यमा नगरका विभिन्न आकर्षक गन्तब्यहरुमा टेन्ट-स्टे कार्यक्रमहरु समेत आयोजना र प्रवर्द्धन गरिनेछ। नगरका प्रमुख तीन पर्यटन गन्तव्य घोषणा गरी तिनको पूर्वाधार विकास, व्यवस्थापन तथा प्रवर्द्धनका लागि पाँच वर्षीय रणनीतिक योजना तयार गरिनेछ।

नीलकण्ठ नगरपालिकालाई देशभर चिनाउन स्थानीय सरकार, जनप्रतिनिधि र नागरिकहरुको आदानप्रदान भ्रमण एवम् आपसी सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ। जिल्ला, प्रदेश तथा राष्ट्रीय एवम् अन्तराष्ट्रिय स्तरका कार्यक्रम नगरपालिकामा गरी आन्तरिक र वाह्य पर्यटन प्रवर्धन गर्न विशेष प्रयास गरिनेछ।

१२. व्यवस्थित शहरीकरण तथा नमूना बस्ती विकास

व्यवस्थित शहरीकरणलाई प्रवर्द्धन गर्न नगर केन्द्र तथा वडाहरूमा नमूना बस्ती विकास कार्यक्रम सञ्चालन गरिनेछ। धादिङबेसी आसपास कम्तीमा ५० रोपनी क्षेत्रफलमा स्मार्ट बस्ती विकासका लागि ल्याण्ड पुलिङ, विस्तृत परियोजना प्रतिवेदन तथा आवश्यक सहजीकरण गरिनेछ। नगरपालिकाले शून्य लागत सहजीकरण मोडेलमार्फत निजी क्षेत्र, जग्गाधनी तथा समुदायसँग सहकार्य गर्नेछ।

भवन निर्माण, बस्ती विकास तथा भूमि प्रशासन सम्बन्धी सेवा प्रवाहलाई प्रविधिमैत्री, पारदर्शी, सुरक्षित र थप प्रभावकारी बनाउन "डिजिटल सहरी सुशासन तथा सुरक्षित निर्माण पूर्वाधार नीति" अवलम्बन गरिनेछ। यस नीति अन्तर्गत, नीलकण्ठ नगरपालिकामा भवन निर्माण अनुमति प्रक्रियालाई व्यवस्थित र राष्ट्रिय भवन संहिता (NBC) को पूर्ण पालना गराउन इलेक्ट्रोनिक

बिल्डिङ पर्मिट सिस्टम (eBPS) को सञ्चालन, स्तरोन्नति तथा पुराना नक्साहरूको डिजिटाइजेसन कार्यलाई तीव्रता दिइनेछ।

नेपाल सरकारको मार्गदर्शन अनुरूप नापी तथा भूमि प्रशासन सम्बन्धी सेवाहरूलाई स्थानीय तहबाटै व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक जनशक्ति र सूचना प्रविधि पूर्वाधारको सुदृढीकरण गरिनेछ।

१३. <u>वातावरण संरक्षण, जलवायु अनुकूलन तथा विपद् व्यवस्थापन</u>

जल, जंगल, जमिन तथा जैविक विविधताको संरक्षणलाई प्राथमिकता दिइनेछ। फोहोरमैला व्यवस्थापन, हरित विकास, जलस्रोत संरक्षण तथा जलवायु परिवर्तन अनुकूलनका कार्यक्रम सञ्चालन गरिनेछ। भूकम्प, बाढी, पहिरो, आगलागी तथा अन्य विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, उद्धार तथा पून-स्थापनाका कार्यक्रमलाई सुदृढ बनाइनेछ। वातावरणमैत्री नगरपालिका घोषणा गर्न वातावरण संग सम्बन्धित सूचकहरुमा आधारित कार्यक्रम र क्रियाकलापहरु सञ्चालन गरिनेछ।

१४. <u>दिगो विकास लक्ष्यको स्थानीयकरण</u>

दिगो विकासका १६ वटा लक्ष्य तथा सूचकहरूको स्थानीयकरणलाई नगरपालिकाको योजना, बजेट तथा कार्यक्रमसँग एकीकृत गर्दै आएकोछ र यसलाई एकीकृत रुपमै प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। गरिबी न्यूनीकरण, गुणस्तरीय शिक्षा, लैङ्गिक समानता, स्वास्थ्य, वातावरण संरक्षण, रोजगारी तथा सुशासनसँग सम्बन्धित सूचकहरूको नियमित कार्यन्वयन र अनुगमन गरिनेछ।

१५. <u>नगर खानेपानी सरसफाइ तथा स्वच्छता</u>

गत बर्ष ऐन जारी गरी स्थापना भएको नीलकण्ठ नगर खानेपानी तथा सरसफाइ स्वच्छता बोर्ड मार्फत स्थलगत सर्वेक्षण भै १४ वटै वडामा भएको अवस्था अध्ययनको आधारमा पहिचान भएका खानेपानी योजनाहरुमा प्राथिमकता दिई एक घर एक धाराको स्वच्छ खानेपानी नितिलाई पूर्णता दिइनेछ।

यस बर्ष एन-वास (N-WASH) प्राणालीमा भएको खानेपानी तथा स्वच्छता सर्वेक्षण तथ्यांकका आधारमा खानेपानी र सरसफाइ स्वच्छताका लागि आवश्यक कार्यक्रम तय गरिनेछ। संगठित

रुपमा उपभोक्ता समितिहरु मार्फत वितरण व्यवस्थापन भैरहेको खानेपानी सेवालाई एकीकृत गरी बोर्डमार्फत सञ्चालन तथा व्यवस्थापन गरिनेछ।

खानेपानी, सरसफाई तथा स्वच्छताका हरेक कार्यक्रमहरुमा समुदायको सहभागिता र सुशासनलाई प्रोत्साहन गरिनेछ।

नगरपालिकाको खानेपानी र सरसफाई क्षेत्रको समुचित व्यवस्थापनको लागि ५ वर्षको खानेपानी, सरसफाई तथा स्वच्छता योजना (WASH plan) तयार सोहि अनुसार खानेपानी, स्वच्छता र क्षमता विकासका क्रियाकलाप सञ्चालन गरिनेछ।

१६. <u>मानव अधिकार प्रवर्धन र उपभोक्ता अधिकार</u>

मानव अधिकार उल्लंघनका घटना र उपभोक्ता ठगी सम्बन्धी गुनासाहरू तत्काल दर्ता र सम्बोधन गर्न नगरपालिकामा एक "द्रुत सुनुवाइ कक्ष" (Fast-Track Desk) वा डिजिटल उजुरी प्रणाली स्थापना गरिनेछ।

स्थानीय न्यायिक समितिको क्षमता अभिवृद्धि गर्दै पछाडि पारिएका वर्ग, महिला, दलित र सीमान्तकृत समुदायको न्यायमा सहज पहुँच सुनिश्चित गर्ने; एवम् शिक्षा, स्वास्थ्य र रोजगारी जस्ता मौलिक मानवअधिकारका विषयहरूलाई स्थानीय योजनाहरूसँग आबद्ध गरी कार्यान्वयन गरिनेछ।

नगरक्षेत्रमा हुने कालो बजारी, मिसावट, र कृत्रिम अभावलाई रोक्न नियमित एवम् आकस्मिक बजार अनुगमन प्रणालीलाई संस्थागत गर्ने; साथै उपभोक्ताहरूलाई आफ्नो अधिकार र गुणस्तर पहिचानबारे सचेत गराउन वडास्तर सम्म उपभोक्ता साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

१७. <u>स्थानीय संस्कृति र मौलिकता संरक्षण</u>

नगरभित्रका ऐतिहासिक, धार्मिक, पुरातात्विक सम्पदा र मठ-मन्दिरहरूको पहिचान गरी "डिजिटल प्रोफाइल" मा अद्यावधिक गरिनेछ।

मौलिक भाषा, संस्कृति, भेषभूषा र बाजागाजाको संरक्षणका लागि स्थानीय पाठ्यक्रममा समावेश गरिनेछ र नयाँ पुस्तामा सीप हस्तान्तरण गर्न "सांस्कृतिक पाठशाला" वा कार्यशाला चलाईनेछ।

स्थानीय जात्रा, पर्व र मेलाहरूलाई पर्यटनसँग जोड्दै हस्तकला, काष्ठकला र मौलिक सामग्री बनाउने उद्यमीहरूलाई तालिम, प्रोत्साहन र बजार पहुँच दिई अर्थतन्त्र सबल बनाइनेछ।

नीलकण्ठ नगर प्रज्ञा प्रतिष्ठानमार्फत स्रष्टाहरूको अभिलेख तयार गरिनेछ र झिंगु नेवा समाज, तामाङ, मगर, तमु, ब्राह्मण, क्षेत्री, दलित लगायतका सक्रिय जातीय संस्थाहरूको कला-संस्कृति प्रवर्द्धन एवम् मेला-महोत्सवहरूमा क्षमता प्रस्तुतिको वातावरण मिलाईनेछ।

नीलकण्ठ नगरपालिकाद्वारा भाषा साहित्य संगीत कला संस्कृति ज्ञान विज्ञान प्रविधि, समाजशास्त्र र दर्शनशास्त्रको क्षेत्रमा कार्य गर्नको लागि स्थापना गरिएको नीलकण्ठ प्रज्ञा प्रतिष्ठान मार्फत विभिन्न साहित्यीक प्रतियोगीता, गोष्ठी तालिम अनुसन्धान प्रकाशन पुस्तकालय सञ्चालन नियमित विमर्श जस्ता गतिविधिहरू निरन्तर गर्दै बहुसांस्कृतिक र नगरपालिकाका बहुसांस्कृतिक वैभवहरूलाई व्यवस्थित सङ्ग्रहालय बनाइ उचित संरक्षण र सम्वर्धन गर्न थालनि गरिनेछ।

१८. <u>सूचना तथा सञ्चार प्रविधि र आमसञ्चार</u>

नगरपालिकाका सबै सेवा तथा कृयाकलापलाई सूचना प्रविधि मैत्री बनाउँदै कार्यरत जनशक्ति र लक्षित समुदायमा सूचना प्रविधि शिप अभिबृद्धि गर्न आवश्यक सहयोग गरिनेछ। नगरकार्यपालिका कार्यालय र माताहतका कार्यालयहरुलाई आफ्नै आन्तरिक नेटवर्क (VLAN) मा क्रमश जोड्दै केन्द्रीकृत सर्भर मार्फत सम्पूर्ण सेवाप्रवाह र तथ्यांक प्रणालीलाई व्यवस्थित गरिनेछ।

पत्रकारिताको विकास, सञ्चार क्षेत्रसँग सम्बन्धित ज्ञान, सूचना र अभिलेखहरूको संरक्षण तथा नागरिकको सु-सूचित हुने अधिकारलाई थप प्रभावकारी बनाउन नगर सञ्चार तथा सूचना प्रविधि नीति जारी गरिनेछ। नेपाल पत्रकार महासंघ धादिङसँगको सहकार्यमा पत्रकारहरूको पेशागत क्षमता विकास, अध्ययन-अनुसन्धान संस्कृतिको प्रवर्द्धन, प्रविधिमैत्री तथा अनुसन्धानमूलक पत्रकार सिकाइ केन्द्र स्थापना, सञ्चालन तथा सुदृढीकरणका लागि आवश्यक सहयोग गरिनेछ।

विगतमा शुरुवात गरिएको नगर क्षेत्रको विकास निर्माण तथा सूचना प्रवाह, प्रचार-प्रवर्धन गर्ने पत्रकारलाई दिइने नीलकण्ठ पत्रकारिता पुरस्कार विश्वसनीय कार्यविधि जारी गरी निरन्तर गरिनेछ।

<u>नगरसभाका सदस्यज्यूहरू,</u>

यो कार्यकालको अन्तिम नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा हामी गर्वका साथ भन्न सक्छौं की नीलकण्ठ नगरपालिकाले विकासको स्पष्ट मार्गचित्र, संस्थागत आधार, सुशासनको संस्कार तथा समृद्धिको सम्भावना निर्माण गरेको छ। अझै धेरै काम गर्न बाँकी छन् तर विकासको यात्रा सही

दिशामा अघि बढेको छ। हामीले नयाँ सपना देखाउने भन्दा पनि विगतमा देखिएका सपनाहरूलाई कार्यान्वयनमा उतार्ने, अधुरा आयोजनाहरू सम्पन्न गर्ने, स्थापित कार्यक्रमहरूलाई संस्थागत गर्ने र भावी पुस्तालाई अझ बलियो आधार हस्तान्तरण गर्ने जिम्मेवारी पूरा गर्देछौं। समृद्ध नीलकण्ठ नगरको जग बसाल्दै, सम्भावनायुक्त नगरको पूर्वाधार, विकासको मार्गचित्र र उज्ज्वल भविष्यको सपना आगामी नेतृत्व तथा भावी पुस्तालाई जिम्मेवारीपूर्वक सुम्पेर विदा हुने तयारीमा रहेको यस कार्यकालले नीलकण्ठको विकास यात्रामा एउटा बलियो अध्याय थप्ने विश्वास व्यक्त गर्दछु।

समृद्द नीलकण्ठ नगर निर्माणको निरन्तर यात्रामा साथ दिने सम्पूर्ण नगरवासी, जनप्रतिनिधि, कर्मचारी, विकास साझेदार तथा सरोकारवालाहरु प्रति हार्दिक आभार प्रकट गर्दछु।

धन्यवाद!!!

जय नीलकण्ठ! जय नेपाल!

प्रस्तुतकर्ता

भीमप्रसाद ढुंगाना

नगर प्रमुख एवम् नगर सभाध्यक्ष

नीलकण्ठ नगरपालिका, धादिङ।

इति सम्वत् २०८३ साल आषाढ महिनाको ४ गते ५ रोज शुभम्.....!

आज मिति २०८३ असार २६ गते शुक्रवारका दिन विहान ११:०० बजे नीलकण्ठ नगरपालिकाका नगरप्रमुख एवम् सभा अध्यक्ष श्री भीमप्रसाद ढुंगानाज्यूको अध्यक्षतामा नीलकण्ठ नगरपालिका, नगरसभाको १९ औं अधिवेशनको दोस्रो बैठक देहायको उपस्थितिमा बसी तपसिल बमोजिमका विषयवस्तुहरुमा छलफल तथा निर्णय गरी सम्पन्न भयो।.

उपस्थिति

सि.न	पदाधिकारी नाम थर	पद	ठेगाना	दस्तखत	कैफियत
१	श्री भीमप्रसाद ढुंगाना	नगर प्रमुख/सभा अध्यक्ष	नी.न.पा.८		
२	श्री दिपक विश्वकर्मा	नगर उप-प्रमुख	नी.न.पा.७		
३	श्री हरिदत्त कंडेल	प्र.प्र.अ. (सचिव)			
४	श्री गणेश वहादुर गुरुङ	नगरसभा सदस्य	नी.न.पा.१		
५	श्री ध्वज वहादुर गुरुङ	नगरसभा सदस्य	नी.न.पा.२		
६	श्री राजकुमार श्रेष्ठ	नगरसभा सदस्य	नी.न.पा.३		
७	श्री हरि वहादुर श्रेष्ठ	नगरसभा सदस्य	नी.न.पा.४		
८	श्री राम वहादुर श्रेष्ठ	नगरसभा सदस्य	नी.न.पा.५		
९	श्री भुपेन्द्र कुमार श्रेष्ठ	नगरसभा सदस्य	नी.न.पा.६		
११	श्री प्रकाश कुमार श्रेष्ठ	नगरसभा सदस्य	नी.न.पा.८		
१२	श्री राजन वराइली	नगरसभा सदस्य	नी.न.पा.९		
१३	श्री सरोज पाण्डे	नगरसभा सदस्य	नी.न.पा.१०		
१४	श्री राम वहादुर श्रेष्ठ	नगरसभा सदस्य	नी.न.पा.११		
१५	श्री धर्मराज भण्डारी	नगरसभा सदस्य	नी.न.पा.१२		
१६	श्री सोम वहादुर गुरुङ	नगरसभा सदस्य	नी.न.पा.१३		

सि.न	पदाधिकारी नाम थर	पद	ठेगाना	हस्ताक्षर	दस्तखत
१७	श्री नमराज दुवाडी	नगरसभा सदस्य	नी.न.पा.१४		
१९	श्री रामी नेपाली	नगरसभा सदस्य	नी.न.पा.१३		
२०	श्री छनुमाया गुरुङ	नगरसभा सदस्य	नी.न.पा.९		
२१	श्री शान्ता थापा	नगरसभा सदस्य	नी.न.पा.१३		
२२	श्री विशाल रोक्का	नगरसभा सदस्य	नी.न.पा.५		
२३	श्री लक्ष्मण रम्तेल	नगरसभा सदस्य	नी.न.पा.६		
२४	श्री मञ्जु थापामगर	नगरसभा सदस्य	नी.न.पा.७		
२५	श्री प्रेक्षा तामाङ	नगरसभा सदस्य	नी.न.पा.१		
२६	श्री तेजलाल तामाङ	नगरसभा सदस्य	नी.न.पा.१		
२७	श्री बेदराज गुरुङ	नगरसभा सदस्य	नी.न.पा.१		
२८	श्री दुर्गा गुरुङ	नगरसभा सदस्य	नी.न.पा.२		
२९	श्री नीरमाया मिजार	नगरसभा सदस्य	नी.न.पा.२		
३०	श्री द्वारिका दाहाल	नगरसभा सदस्य	नी.न.पा.२	DWARIKA	
३१	श्री ज्ञान बहादुर राना	नगरसभा सदस्य	नी.न.पा.२		
३२	श्री सम्झना सुनार	नगरसभा सदस्य	नी.न.पा.३	Sanjhana	
३३	श्री सन्तोष थापा	नगरसभा सदस्य	नी.न.पा.३		
३४	श्री रोशन कुमार श्रेष्ठ	नगरसभा सदस्य	नी.न.पा.३		

सि.न	पदाधिकारी नाम थर	पद	ठेगाना	दस्तखत	~~रसमत~~
३५	श्री कविता शाह	नगरसभा सदस्य	नी.न.पा.४		
३६	श्री डालिया थापा नेपाली	नगरसभा सदस्य	नी.न.पा.४		
३७	श्री नवराज सिं ठकुरी	नगरसभा सदस्य	नी.न.पा.४		
३८	श्री हेमबहादुर श्रेष्ठ	नगरसभा सदस्य	नी.न.पा.४		
३९	श्री सरिता श्रेष्ठ	नगरसभा सदस्य	नी.न.पा.५		
४०	श्री मुना श्रीमल	नगरसभा सदस्य	नी.न.पा.५		
४२	श्री प्रेम बहादुर मगर	नगरसभा सदस्य	नी.न.पा.५		
४३	श्री बुद्धि गुरुङ	नगरसभा सदस्य	नी.न.पा.६		
४४	श्री चनमती मग्राती	नगरसभा सदस्य	नी.न.पा.६		
४५	श्री कमल रिजाल	नगरसभा सदस्य	नी.न.पा.६	———	
४६	श्री रेशम बहादुर दर्लामी मगर	नगरसभा सदस्य	नी.न.पा.६		
४७	श्री सविता नेपाली	नगरसभा सदस्य	नी.न.पा.७		
४८	श्री युवराज पोखेल	नगरसभा सदस्य	नी.न.पा.७		
४९	श्री राजन अधिकारी	नगरसभा सदस्य	नी.न.पा.७		
५०	श्री दुर्गा अधिकारी	नगरसभा सदस्य	नी.न.पा.८		
५१	श्री विमला बराईली	नगरसभा सदस्य	नी.न.पा.८		
५२	श्री छवि प्रसाद कार्की	नगरसभा सदस्य	नी.न.पा.८		

सि.न	पदाधिकारी नाम थर	पद	ठेगाना	दस्तखत	~~दस्तखत~~ हाजिरी
५३	श्री उमेश मगर	नगरसभा सदस्य	नी.न.पा.८		
५४	श्री भद्र वहादुर गुरुङ	नगरसभा सदस्य	नी.न.पा.९		
५५	श्री सुनिल थापा	नगरसभा सदस्य	नी.न.पा.९		
५६	श्री सरिता धरेल	नगरसभा सदस्य	नी.न.पा.१०		
५७	श्री निर्मला दमाई	नगरसभा सदस्य	नी.न.पा.१०		
५९	श्री हिम प्रसाद पाठक	नगरसभा सदस्य	नी.न.पा.१०		
६०	श्री निर्मला श्रेष्ठ	नगरसभा सदस्य	नी.न.पा.११		
६१	श्री कोपिला रोक्का नेपाली	नगरसभा सदस्य	नी.न.पा.११		
६२	श्री भिमसेन वहादुर गरुङ	नगरसभा सदस्य	नी.न.पा.११		
६३	श्री विवेक धमला	नगरसभा सदस्य	नी.न.पा.११	——	
६४	श्री सानु माया राउत	नगरसभा सदस्य	नी.न.पा.१२	सानु	
६५	श्री काली रोक्का	नगरसभा सदस्य	नी.न.पा.१२	काली	
६६	श्री गोविन्द सापकोटा	नगरसभा सदस्य	नी.न.पा.१२		
६७	श्री एलिना राई गुरुङ	नगरसभा सदस्य	नी.न.पा.१३		
६८	श्री धनेन्द्र गुरुङ	नगरसभा सदस्य	नी.न.पा.१३		
६९	श्री कमला तामाङ	नगरसभा सदस्य	नी.न.पा.१४		
७०	श्री गिता परियार	नगरसभा सदस्य	नी.न.पा.१४		

सि.न	पदाधिकारी नाम थर	पद	ठेगाना	हस्ताक्षर	दस्तखत
७१	श्री भिम वहादुर गुरुङ	नगरसभा सदस्य	नी.न.पा.१४		
७२	श्री सुर्य वहादुर तामाङ	नगरसभा सदस्य	नी.न.पा.१४		
	अन्य आमन्त्रित उपस्थिति				
१	विष्णु कु.डाल	वि.अ.ला.अ	नौरपा		
२	दीपक कोइराला	विज्ञ परामर्शदाता			
३	डा. ऑपल भण्डा.	पशु चिकित्सक	नी.न.पा		
४	अर्जुन कुमार डाँगी	रोजगार संयोजक	नी.न.पा		
५	बिजली रमण लामिछाने	नगर प्रहरी प्रमुख			
६	सरोज तिवारी	कार्यालय	नी.न.पा		
७	उर्मिला पाण्डेय	लेखा अधिकृत			
८	लक्ष्मण प्र-राज	कम्प्यूटर	"		
९	योगनाथ उपाध्याय	क्षेत्रीय अ.	नी.नेपा		
१०	विनोद तामु	पत्रकार	नी.न.प		
११	विवेक दुवेदी	"	"		
१२	मान कुमार डाँगी	कृ.प्र.अ	नी.न		
१३	दिपक नेपाली				
१४	रिता शाही मल्ल	ना.प्र.ज	न.पा		
१५	राम के. खत्री	नी.प्र.अ	नी.न.पा		
१६	लक्ष्मण पौडेल	अ.	कु.नं.पा		
१७	सुनिल मैनाली	के.सि.	नी.न.पा		
१८	राजु थापा	न.प्र.सं.	नी.न.पा		
१९	कुमार क. दाहाल	न.प्र	नी.न.पा		
२०	श्री कृष्ण रिजाल		नी.न.पा		
२१	अर्जुन गुरुङ	क्षेत्रीय अ.	नी.न.पा.		
२२	दिनेश युवाजी	जि.का.सं	नी.न.प		
२३	प्रकाश चन्द्र भट्ट.	शिक्षा शाखा.प्र.	नी.न.पा		
२४	डोल्मिला भट्टसिम्खडा	स.ड.अ	नी.न.पा		

क्र.न	नाम थर	पद	ठेगाना	हस्ताक्षर	कैफियत
२५	गणेश क. जोशी	इ.अ.इ.प्र.	नि.न.पा	[illegible]	
२६	विनोद कुमार	सामी पदाधिकारी	नि.अ.पा	[illegible]	
२७	सरस्वती लम्साल	विशिष्ट सा.स.	नी.न.पा	[illegible]	
२८	पीव यात्रा	त्रिदिशा	WASH-Bhaw	[illegible]	
२९	सुगिता अधिकारी	का.स	नी.न.पा	[illegible]	
३०	बालकुमारी श्रेष्ठ	का.स.	"	[illegible]	
३१	मिरा पुरकोटी	सहायक चौधो	नी.त.पा.	[illegible]	
३२	गायत्री जिला	व्यायिक स.	नो.न.पा	[illegible]	
३३	जोत्स्ना पाण्डे	स.क.अ	नी.न.पा	[illegible]	
३४	निर्मला कोर्इराला	ज.वि.अ.	नी.न.प	[illegible]	
३५	मेघनाथ गेहान	छोटकाले	नी.ई.पी.	[illegible]	
३६	कृष्ण प्रसाद लम्साल	अ.वि.अ.	ने.न.पा.	[illegible]	
३७	शितल श्रेष्ठ	स.क.इ	नी.न.पा	[illegible]	
३८	पुरुष खातेवा	स्था.वे.सी.प	"	[illegible]	
३९	कृष्ण बे.पाण्डेय	का.प्र.	नी.न.प	[illegible]	
४०	डोल बे.रोक्का		"	[illegible]	
४१	रमेश अर्याल	स्वःकर्मचारी	नो.न.पा.	[illegible]	
४२	सावित्री गुरुङ	रिपोर्टिङ.	"	[illegible]	
४३	सरिता तामाङ	पत्रकार	"	[illegible]	
४४	मनिषा तिवारी	ना.प्रा.स	"	[illegible]	
४५					
४६					
४७					

स्थानीय सरकार

नीलकण्ठ नगरपालिका

नगरसभाको १९ औं अधिवेशनमा

उप-प्रमुख दिपक विश्वकर्माबाट प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को

<u>वजेट तथा कार्यक्रम</u>

मिति २०८३/०३/०४ (बिहिबार)

संशोधित सहित पारित मिति २०८३।०३।२६

श्री नगर सभाका अध्यक्ष एवम् नगरप्रमुखज्यू,
प्रमुख प्रशासकीय अधिकृतज्यू
नगर-सभाका सदस्यज्यूहरु,
कर्मचारी तथा पत्रकार मित्रहरु!!!

आज हामीहरु नीलकण्ठ नगरपालिकाको नगरसभाको उन्नाइसौं अधिवेशनमा उपस्थित भएका छौं। आजको यस गरिमामय सभामा उपस्थित सबैलाई हार्दिक स्वागत गर्दछु। यस महत्वपुर्ण अवसरमा नेपालको राजनीतिक परिवर्तनको स्थापनार्थ जन-आन्दोलन, जनयुद्ध, मधेस आन्दोलन, जेन्जी आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात/अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। राजनीतिक परिवर्तनको दौरानमा जन-आन्दोलन, जनयुद्ध र लोकतान्त्रिक आन्दोलनको विभिन्न चरणका सम्पूर्ण वेपत्ता योद्धाहरु प्रति स्मरण सहित उच्च सम्मान प्रकट गर्दछु। साथै सम्पूर्ण घाइते योद्धाको शिघ्र स्वास्थ्य लाभ तथा परिवारजन प्रति सम्मान व्यक्त गर्दछु। राष्ट्रियता स्वाधिनता, सामाजिक न्याय, समानता र समताका लागि सक्षम नेतृत्व प्रदान गर्नुहुने मान्य नेतृत्वमा रहनुहुने व्यक्तित्वहरु प्रति हार्दिक नमन व्यक्त गर्दछु। मुलुकमा संघीयता कार्यान्वयन सँगसँगै हामी निर्वाचित भएको अवधि देखि नगरको विकास र समृद्धिको लागि सिमित स्रोत/साधनलाई प्रयोग गरी अधिकतम सकारात्मक प्रयासहरु गर्दै विभिन्न चुनौतीहरु सामना गर्दै यो अवस्थामा आइपुगेका छौं। यस भन्दा अगाडिका नगर सभाबाट पारित नीति कार्यक्रम तथा बजेटलाई कार्यान्वयन गर्न सिंगो जनप्रतिनिधि तथा कर्मचारीहरु, पत्रकार, नागरिक समाज तथा नगरवासी सबै सरोकारवाला निकायको उच्च मूल्याङ्कन गर्दछु। आगामी दिनमा सबै सरोकारवाला निकायको पूर्णरुपमा सहयोगको अपेक्षा गर्दछु।

हरिप्रसाद ढुंगाना
नगर प्रमुख

संविधानमा उल्लेखित राज्यको निर्देशन सिद्धान्त, संघीय आर्थिक नीति, प्रदेश सरकारको नीति, दिगो विकासका लक्ष्य तथा नगरवासीको माग, विषयगत क्षेत्र, विज्ञ तथा सरोकारवाला संस्थाहरुको सुझाव वर्तमान परिस्थितिको मूल्याङ्कन र उपलब्ध सिमित साधन श्रोतको आधारमा यो बजेट तयार पारिएको छ।

जनचाहनालाई संवोधन गर्ने क्रममा सिमित बजेटवाट असिमित मागहरु सम्बोधन गर्नु अवश्य पनि सहज विषय छैन तथापी नगरपालिकाको वर्तमान आवश्यकता, सामाजिक कल्याण र दीर्घकालिन सोचका साथ भरसक ठूला दिगो विकासमा टेवा पुग्ने र नगरवासीहरुको जीवन स्तरमा सरोकार राख्ने प्रकृतिको योजनाहरु एवम् रोजगारी सृजना गर्न सक्ने योजनाहरुलाई प्राथमिकतामा राखी बजेट निर्माण गर्ने प्रयास गरेको छु।

<u>सभा अध्यक्षज्यू,</u>

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले निम्न दस्तावेजहरुलाई आधारको रुपमा लिएको छु।

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- संघीय र प्रदेश सरकारले जारी गरेको नीति कानून र मापदण्डहरु
- स्थानीय तह बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४
- संघीय तथा प्रदेश सरकारका आवधिक विकास योजनाहरु
- नगरपालिकाको नगर गुरुयोजना, आवधिक योजना, मध्यकालिन खर्च संरचना, नीति तथा कार्यक्रम
- वडा कार्यालयहरुबाट प्राथमिकता निर्धारण भै आएका योजना तथा कार्यक्रमहरु
- संघीय तथा प्रदेश सरकारबाट प्राप्त वित्तिय हस्तान्तरण सम्बन्धी मार्गदर्शन

आर्थिक वृद्धि, सामाजिक न्याय, सुशासनको प्रत्याभूति, विकासमा दिगोपन लगायतको क्षेत्रमा रहेको थुप्रै चुनौतीहरु तथा वर्तमान संक्रमणको अवस्था र सो को प्रभावलाई सम्बोधन गर्ने क्रममा प्राप्त मार्गदर्शनहरुलाई संघीय र प्रदेश सरकारका कार्यक्रमसँग समन्वय गरी साझेदार संस्थाहरुसँगको सहकार्यलाई समेत अगाडी बढाउने गरी बजेट तयार गरेको छु।

<u>आजको यस नगर सभामा निम्न विषयवस्तु प्रस्तुत गर्ने अनुमती चाहन्छु:</u>

१) चालु आर्थिक वर्षको प्रगति प्रतिवेदन

२) चालु आर्थिक वर्षको आन्तरिक राजश्व तथा राजश्व बाँडफाँडको अवस्था,

३) चालु आर्थिक वर्षको क्षेत्रगत बजेट तथा खर्चको अवस्था

४) आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रमहरु

अब म चालु आर्थिक वर्षको बजेट कार्यान्वयन अवस्थाको हाल सम्मको प्रगति विवरण पेश गर्दछु। चालु आर्थिक वर्ष २०८२/०८३ को मिति २०८३/०३/१५ गते सम्मको बजेट तथा खर्चको यथार्थ विवरण यस प्रकार रहेको छ।

आ.व. २०८२/८३ अवधी : २०८२/०४/०१-२०८३/०३/१५

क.स.	नाम	चालु		पूँजीगत		जम्मा		
		बजेट	खर्च	बजेट	खर्च	बजेट	खर्च	खर्च(%)
१	नीलकण्ठ नगरपालिका	२२,२६,०७,०५४.००	१४,४४,१७,२१३.४८	१२,४१,७२,०००.००	३,६६,३९,१९७.००	३७,७२,७९,०२४.००	१८,१०,५६,४१०.४८	४७.९५
२	कमागत योजना	५३,००,०००.००	०.००	४,९०,६०,०००.००	२,८०,६८,४६०.००	५,४३,६०,०००.००	२,८०,६८,४६०.००	५१.६३
३	कमागत योजना (पेंक काट्न बाँकी)	२,५४,६३,९७९.००	१,८२,५९,४०३.००	१,३१,३८,३३८.००	७२,९३,०९५.००	३,८६,०२,३०९.००	२,५५,५२,४९८.००	६६.१९
४	नीलकण्ठ नगरपालिकावडा नं.१	१४,००,०००.००	७,०४,१२६.००	४६,००,०००.००	१३,१४,५७१.००	६०,००,०००.००	३०,१८,६९८.००	५०.३१
५	नीलकण्ठ नगरपालिकावडा नं.२	११,५०,०००.००	२,०८,४००.००	४८,५०,०००.००	११,६२,६५४.००	६०,००,०००.००	१३,७१,०५४.००	२२.८५
६	नीलकण्ठ नगरपालिकावडा नं.३	१५,००,०००.००	९,८२,३५२.००	४५,००,०००.००	१६,६१,२८६.००	६०,००,०००.००	२६,४३,६३८.००	४४.०६
७	नीलकण्ठ नगरपालिकावडा नं.४	१२,५०,०००.००	८,३२,७७८.००	४७,५०,०००.००	१४,४०,७६३.००	६०,००,०००.००	२२,७३,५४१.००	३७.८९
८	नीलकण्ठ नगरपालिकावडा नं.५	१८,६०,०००.००	२,८९,११६.००	४६,४०,०००.००	१३,६२,४७३.००	६५,००,०००.००	१६,५१,५८९.००	२५.४१
९	नीलकण्ठ नगरपालिकावडा नं.६	१८,००,०००.००	१०,०२,०००.००	४७,००,०००.००	१८,३९,१९६.००	६५,००,०००.००	२८,४१,१९६.००	४३.७१
१०	नीलकण्ठ नगरपालिकावडा नं.७	१५,००,०००.००	४,१३,०८५.००	५०,००,०००.००	३१,१९,०००.००	६५,००,०००.००	३५,३२,०८५.००	५४.३४
११	नीलकण्ठ नगरपालिकावडा नं.८	१२,००,०००.००	५,८६,१७२.००	४८,००,०००.००	२०,५२,९४०.००	६०,००,०००.००	२६,३९,११२.००	४३.९९
१२	नीलकण्ठ नगरपालिकावडा नं.९	१७,००,०००.००	३,६६,७७७.००	४८,००,०००.००	२६,८२,२२९.००	६५,००,०००.००	३०,४९,००६.००	४६.९१
१३	नीलकण्ठ नगरपालिकावडा नं.१०	१४,००,०००.००	४,४८,१११.००	४६,००,०००.००	१०,००,९००.००	६०,००,०००.००	१४,४९,०११.००	२४.१३
१४	नीलकण्ठ नगरपालिकावडा नं.११	१०,५०,०००.००	९,६६,४०३.००	४९,५०,०००.००	३७,७९,३०३.००	६०,००,०००.००	४७,४५,७०६.००	७९.१०
१५	नीलकण्ठ नगरपालिकावडा नं.१२	८,००,०००.००	४,५६,५२५.००	५२,००,०००.००	९,७६,४७४.००	६०,००,०००.००	१४,३२,९९९.००	२३.८८
१६	नीलकण्ठ नगरपालिकावडा नं.१३	१३,००,०००.००	३,५१,४२०.००	५७,००,०००.००	१३,६०,२३६.००	७०,००,०००.००	१७,११,६५६.००	२४.४५
१७	नीलकण्ठ नगरपालिकावडा नं.१४	१०,१०,०००.००	३,०८,७८०.००	४९,९०,०००.००	१६,७६,७६१.००	६०,००,०००.००	१९,८५,५४१.००	३३.०९
१८	नीलकण्ठ नगरपालिका - शिक्षा	८,७०,०३,३००.००	७,३३,७३,९०८.००	०.००	०.००	८,७०,०३,३००.००	७,३३,७३,९०८.००	८४.३३
१९	नीलकण्ठ नगरपालिका - स्वास्थ्य	२,३५,००,०००.००	२,१९,६४,४८३.७७	०.००	०.००	२,३५,००,०००.००	२,१९,६४,४८३.७७	९३.४७
२०	नीलकण्ठ नगरपालिका - कृषि/पशु	६०,९५,०००.००	२०,९२,०३६.००	०.००	०.००	६०,९५,०००.००	२०,९२,०३६.००	३४.३२
२१	संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सर्त अनुदान)	४७,६३,९०,०००.००	४२,४५,६९,६७६.९४	३,२८,००,०००.००	९३,५७,९४४.००	५०,९१,२०,०००.००	४३,३९,२७,६१७.४	८५.२३
२२	संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान)	०.००	०.००	६९,००,०००.००	२०,२४,०००.००	६९,००,०००.००	२०,२४,०००.००	२९.३३
२३	संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान)	०.००	०.००	९१,००,०००.००	४०,००,०००.००	९१,००,०००.००	४०,००,०००.००	४३.९६
२४	प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (सर्त अनुदान)	३,२०,८३,०००.००	२,०९,४२,४३९.१८	५५,००,०००.००	२७,६५,३६१.००	३,७५,८३,०००.००	२,३७,०७,८००.१८	६३.०८
२५	प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान)	०.००	०.००	३,९६,००,०००.००	१,४०,६९,२४२.००	३,९६,००,०००.००	१,४०,६९,२४२.००	४७.६९
	कुल जम्मा	८९,७२,९२,३२५.००	७१,३५,३५,२०५.३७	३७,११,५०,३३८.००	१३,९६,४६,०९७.००	१,२६,८४,४२,६६३.००	८४,५१,८१,३०२.३७	६६.६३

सभाअध्यक्षज्यू, अब म चालु आ.व २०८२/०८३ को हाल सम्मको आन्तरिक आय तथा राजश्व बाँडफाँडको आँकलन तथा प्राप्तिको वास्तविक अवस्था पेश गर्ने अनुमति चाहन्छु।

विवरण	आ.व २०८२/८३ को कुल अनुमानित आय	हालसम्मको यथार्थ आम्दानी	प्रगति प्रतिशत
आन्तरिक आय	६,००,००,०००।- (छ करोड रुपैया)	३,३७,२६,००७।- (तीन करोड सैतिस लाख छव्विस हजार सात रुपैयामात्र)	५६.२१ प्रतिशत
राजश्व बाँडफाँड संघ	१३,०४,६४,४१९।- (तेह्र करोड चार लाख चौसठ्ठी हजार चारसय उन्नाइस रुपैया)	११,९१,०९,१८८।- (एघार करोड एकानब्बे लाख नौ हजार एक सय अठ्ठायसी रुपैया)	९१.३ प्रतिशत
राजश्व बाँडफाँड प्रदेश	५,९७,१३,७०५.३६।- (पाँच करोड सन्तानब्बे लाख तेह्र हजार सात सय पाँच रुपैया छत्तिस पैसा)	४,८३,७७,७५७.१९।- (चार करोड त्रियासी लाख सतहत्तर हजार सात सय सन्ताउन्न रुपैया र उन्नाइस पैसा)	८१.०२ प्रतिशत
राजश्व बाँडफाँड मालपोत	११,५३,८९,६५८।- (एघार करोड त्रिपन्न लाख उननब्बे हजार छ सय अन्ठाउन्न रुपैया)	१,९३,७३,९००.२८।- (एक करोड त्रियानब्बे लाख त्रिहत्तर हजार नौ सय रुपैया अठ्ठाइस पैसा मात्र)	१६.७८ प्रतिशत

अब म चालु आ.व को हाल सम्मको क्षेत्रगत बजेट तथा खर्चको प्रगति विवरण पेश गर्दछु। अनुमान गरिए अनुसार आन्तरीक राजश्व, राजश्व बाँडफाँड तथा समानीकरण अनुदानसमेत प्राप्ती हुने अवस्था नदेखिएकाले खर्चमा पनी यसको प्रत्यक्ष प्रभाव पर्ने देखिन्छ। चालु आ.व २०८२/८३ को मिति २०८२/०३/०३ गते सम्मको क्षेत्रगत बजेट तथा खर्चको यथार्थ विवरण यस प्रकार रहेको छ।

आ.व.: २०८२/८३ अवधी : २०८२/०४/०१-२०८३/०३/१५				
क.सं.	क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास	४,१६,८५,०००.००	१,६८,७६,३००.७७	४०.४९
१	कृषि	२,३९,७५,०००.००	७५,६६,१६५.००	३१.५६
२	उद्योग	४७,५०,०००.००	१०,९५,०११.२०	२३.०५

३	सहकारी	१८,४०,०००.००	७,३१,१७९.००	३९.७४
४	वित्तीय क्षेत्र	८,००,०००.००	०.००	०
५	जलश्रोत तथा सिंचाई	३७,००,०००.००	२९,७३,९९८.००	८०.३८
६	पशुपन्छी विकास	६६,२०,०००.००	४५,०९,९४७.५७	६८.१३
२	सामाजिक विकास	६५,२४,७६,०८७.००	५४,५४,९०,०३३.०१	८३.६
१	शिक्षा	५०,६६,८५,५००.००	४५,९३,४७,०९४.३०	९०.६६
२	स्वास्थ्य	८,४१,४१,८७५.००	६,५९,८९,९६३.८१	७८.४३
३	खानेपानी तथा सरसफाई	२,५६,८२,६५८.००	८२,४५,९७४.५०	३२.११
४	भाषा तथा संस्कृति	५०,७०,०००.००	११,०७,५००.००	२१.८४
५	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	१,५२,६४,०००.००	४६,७३,३०६.००	३०.६२
६	युवा तथा खेलकुद	३१,३७,०००.००	८,३९,६००.००	२६.७६
७	सामाजिक सुरक्षा तथा संरक्षण	१,२४,९५,०५४.००	५२,८६,५९४.४०	४२.३१
३	पूर्वाधार विकास	३३,४४,२५,४६३.००	१२,५७,९२,७२२.९१	३७.६१
१	यातयात पूर्वाधार	२०,६०,४६,०००.००	७,८०,४२,८२६.००	३७.८८
२	भवन, आवास तथा सहरी विकास	१०,७९,७९,४६३.००	३,८८,०४,८९८.९१	३५.९४
३	उर्जा	१८,००,०००.००	०.००	०
४	संचार तथा सूचना प्रविधि	३२,००,०००.००	६,१५,०००.००	१९.२२
५	सम्पदा पूर्वाधार	२५,००,०००.००	६०,०००.००	२.४
६	बिज्ञान तथा प्रविधि	४७,००,०००.००	२७,६२,३०३.००	५८.७७
७	पुननिर्माण	८२,००,०००.००	५५,०७,६९५.००	६७.१७
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२,०४,००,०००.००	९५,८१,४३४.७०	४६.९७
१	वातावरण तथा जलवायु	७८,००,०००.००	४७,९६,६००.००	६१.४९
२	विपद व्यवस्थापन	६३,००,०००.००	४२,९३,८७३.००	६८.१६
३	मानव संशाधन विकास	१२,००,०००.००	०.००	०
४	शान्ति तथा सुव्यवस्था	२५,००,०००.००	०.००	०
५	तथ्यांक प्रणाली	१३,००,०००.००	४,९०,९६१.७०	३७.७७
६	योजना तर्जुमा र कार्यन्वयन	१०,००,०००.००	०.००	०

७	वित्तीय सुशासन	३,००,०००.००	०.००	०
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	२१,९४,५६,११३.००	१४,७४,४०,८१०.९८	६७.१८
१	कार्यालय सञ्चालन तथा प्रशासनिक	२१,९४,५६,११३.००	१४,७४,४०,८१०.९८	६७.१८
	कुल जम्मा रु	१,२६,८४,४२,६६३.००	८४,५१,८१,३०२.३७	६६.६३

सभा अध्यक्षज्यू, नगर सभाका सदस्यहरु, अब आगामी आर्थिक वर्षको स्रोत अनुमान, बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु। आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि आय तर्फ निम्नानुसार श्रोत अनुमान गरेको छु।

अनुदान	बजेट	अक्षरुपी
संघ समानिकरण अनुदान	२१३९०००००	एकाइस करोड उन्नचालिस लाख रुपैया मात्र
प्रदेश समानिकरण अनुदान	२०९५४०००	दुई करोड नौ लाख चउन्न हजार रुपैया मात्र
राजस्व बाँडफाँड संघ	१३५४४३०००	तेह्र करोड चउन्न लाख त्रिचालिस हजार रुपैया मात्र
राजस्व बाँडफाँड प्रदेश	५८४६१०४०	पाँच करोड चौरासी लाख एकसट्ठी हजार चालिस रुपैया मात्र
राजस्व बाँडफाँड स्थानीय	१०३८६९२१६	दश करोड अड्तिस लाख उन्नसत्तरी हजार दुई सय सोह रुपैया मात्र
आन्तरिक राजस्व	८८५०००००	आठ करोड पचायसी लाख रुपैया मात्र
अल्या रकम	१०९०००००	दश करोड नब्बे लाख रुपैया मात्र
संघ सशर्त अनुदान चालु	४८४१०००००	अड्चालिस करोड एक्चालिस लाख रुपैया मात्र
प्रदेश सशर्त अनुदान चालु	१२१२३०००	एक करोड एक्काइस लाख तेइस हजार रुपैया मात्र
संघ सममुरक अनुदान	२५९०००००	दुइ करोड उन्नसाठ्ठी लाख रुपैया मात्र
प्रदेश विशेष अनुदान	७०००००	सत्तरी लाख रुपैया मात्र
प्रदेश समपुरक अनुदान	२६४०००००	दुइ करोड चौसठ्ठी लाख रुपैया मात्र
संघ विशेष अनुदान	१५०००००	एक करोड पचास लाख रुपैया मात्र
